# इटहरी उपमहानगरपालिका
# स्थानीय राजपत्र

इटहरी उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३, संख्या १०, माघ २४ गते, २०८० साल


## भाग-१

## इटहरी उपमहानगरपालिकाको सूचना

## रात्रि बजार सञ्चालन सम्बन्धि ऐन, २०७९

**नगर सभाबाट स्वीकृत मितिः २०७९।१२।२७**

**प्रस्तावना:** इटहरी उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने रात्रि बजारलाई व्यवस्थित तथा पारदर्शी ढंगले सञ्चालन गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ एवम् इटहरी उपमहानगरपाकिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐनको दफा ३(१) को अधिकार प्रयोग गरी इटहरी उपमहानगरपालिकाको नगरसभाले यो ऐन स्वीकृत गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ:**(१) यो ऐनको नाम रात्रि बजार सञ्चालन सम्बन्धी ऐन, २०७९ रहेको छ ।

इटहरी उपमहानगरपालिका

२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२) परिभाषाः-** विषय वा प्रसङ्गले अन्यथा नलागेमा यस ऐनमाः

क) "व्यवस्थापन समिति" भन्नाले यस ऐनको दफा ३ बमोजिम गठित रात्रि बजार व्यवस्थापन समिति सम्झनुपर्छ ।

ख) "उद्योग वाणिज्य संघ" भन्नाले इटहरी उपमहानगरपालिका क्षेत्रको उद्योग वाणिज्य संघ इटहरीलाई सम्झनुपर्छ ।

ग) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिका सम्झनुपर्छ ।

घ) "प्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

ङ.) "उपप्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

च) "रात्रि बजार" भन्नाले यस ऐनबमोजिम सञ्चालन गरिने तोकिएबमोजिमको रात्रिकालीन बजार सम्झनुपर्छ ।

छ) "तोकिएबमोजिम" भन्नाले यस ऐनबमोजिम समितिले तोकेको स्थानमा तोकिएको समयमा सञ्चालन हुने रात्रि समयमा सञ्चालन गरिने बजार सम्झनुपर्छ ।

**३. व्यवस्थापन समितिः-** (१) यस ऐनबमोजिम रात्रिकालीन बजार सञ्चालन गर्न, सञ्चालित रात्रिकालीन बजारको अनुगमन गर्न, व्यवस्थापन गर्न, समन्वय गर्न एवम् सम्बन्धी विषयमा आवश्यक कार्य गर्न देहायबमोजिमको रात्रि बजार सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

(क) उपप्रमूख -संयोजक

(ख) सम्बन्धित वडोको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति -सदस्य

(ग) नगरप्रमुखले तोकेको एकजना कार्यपालिका सदस्य -सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको एकजना महिला सहित स्थानीय व्यवसायी दुई जना -सदस्य

(ङ) इलाका प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधी सदस्य

(च) उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधी -सदस्य

(छ) नगर प्रहरी प्रमुख -सदस्य

(ज ) नगरपालिकाको पर्यटन प्रवर्द्धन शाखा प्रमुख -सदस्य सचिव

(२) नगर प्रमुख संरक्षकको रुपमा रहने छ ।

(३) समितिले आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाको राजस्व प्रशासन शाखा, जिल्ला प्रशासन कार्यालय लगायत अन्य सरोकारवालाहरुलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

उपदफा (१) बमोजीम गठन हुने समितिले एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजीमको उप समितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजीम हुनेछ।

**४. अधिकार प्रत्यायोजन :** (१) यस ऐनबमोजीम गठन हुने समितिले आफूलाई प्राप्त भएको सबै वा केही अधिकार उपसमिति, कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजीमको हुनेछ ।

(क) रात्रि बजार प्रारम्भ हुने समय निर्धारण गर्ने ।

(ख) रात्रि बजारमा स्टल राख्ने व्यापारीहरूको सुचिलाई सूचिकृत गर्ने ।

(ग) बजार सञ्चालनसम्बन्धी आवश्यक मापदण्ड स्वीकृत गर्ने ।

(घ) बजार प्रारम्भ भई सञ्चालन हुने समय निर्धारण गर्ने र आवश्यकता अनुसार समय तालिका हेरफेर गर्ने ।

(ङ.) बजार सञ्चालन गर्ने आवश्यक पूर्वाधार लगायतका विषयको आवश्यक व्यवस्थापन गर्ने ।

(च) यस ऐनबमोजिम रात्रि बजार सञ्चालन गर्न गर्नुपर्ने अन्य आवश्यक कार्यका साथै नगरपालिकाले समय समयमा तोकेको अन्य आवश्यक कार्य गर्ने ।

**६. कार्यालय सम्बन्धी व्यवस्था :** यस ऐनबमोजीम गठन हुने समितिको कार्यालय नगरपालिकाको कार्यालयमा रहनेछ ।

**७. समितिको बैठक सम्बन्धी व्यवस्था:-**(१) समितिको बैठक संयोजकको अध्यक्षतामा संयोजकले तोकेको मिती, समय र स्थानमा बस्नेछ ।

(२) समितिको वैठक आवश्यकताअनुसार बस्नेछ ।

(३) बैठकको निर्णयको कार्यान्वयन समितिले तोकेको कार्यपालिकाको कार्यालयको महाशाखा/शाखाले गर्नेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैंले तोकेबमोजीम हुनेछ ।

**(८) रात्रि बजार सञ्चालन:-** (१) रात्रि बजार निर्धारित समयमा निर्धारित प्रक्रियामा समितिले तोकेको मापदण्डबमोजीम सञ्चालन हुनेछ ।

(२) रात्रि बजारमा पसल, स्टल राख्ने प्रत्येक व्यवसायीले तोकेको महाशाखा/शाखामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजीम प्राप्त निवेदन उपर समितिले छानविन गरी शर्त तोकि व्यवसाय सञ्चालन गर्न अनुमती दिनेछ ।

(४) उपदफा (३) बमोजीम अनुमतीप्राप्त व्यवसायीले मात्र रात्रि बजारमा व्यवसाय सञ्चालन गर्न पाउनेछ ।

(५) व्यवसाय सञ्चालन गर्ने व्यवसायीले समितिले तोके बमोजीम दस्तुर बुझाउनुपर्नेछ ।

**(९) रात्रि बजार व्यवस्थापन कोष सम्बन्धी व्यवस्था:-** रात्रि बजार सञ्चालन गर्दा त्यस्तो बजारको फोहोरमैला व्यवस्थापन मर्मतसंभार लगायतको खर्चका निम्ती एक कोषको स्थापना गरिनेछ र त्यस्तो कोषमा देहाय बमोजीमको रकम रहनेछ ।

(क) नगरसभाबाट स्वीकृत रकम,

(ख) व्यवसायीबाट प्राप्त दस्तुरको साठी प्रतिशत रकम,

(ग) विभिन्न संघ/संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

**(१०) कोष सञ्चालनसम्बन्धी व्यवस्था:-** दफा (९) बमोजीमको कोषको सञ्चालन देहायबमोजीम हुनेछ ।

(क) समितिको निर्णय बमोजीम कार्यपालिकाको कार्यालयबाट गरिनेछ ।

(ख) खर्चको हिसाब कार्यपालिकाको कार्यालयको लेखा महाशाखा/शाखा मार्फत गरिनेछ।

(ग) कोषको लेखा परीक्षण प्रचलित कानून बमोजीम हुनेछ ।

**(११) रात्रि बजारको सञ्चालनको दायित्व:-** (१) रात्रिकालिन बजारको सञ्चालन र व्यवस्थापनको मुख्य जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ ।

(२) रात्रि बजार सञ्चालनका लागि नेपाल प्रहरी लगायत सुरक्षा निकाय, उद्योग वाणिज्य संघ र बजार क्षेत्रका नागरिकसंग आवश्यक समन्वय गरिनेछ ।

**१२. निषेध गर्न सकिने:-** (१) यस ऐन बमोजीम घोषित रात्रि बजार क्षेत्रभित्र समितिले तोकेका सवारी साधन निश्चित समय अवधीदेखि निश्चित अवधीसम्म आवतजावतलाई प्रचलित कानून बमोजीम निषेध गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजीम रात्रिकालीन बजार क्षेत्रमा निषेध गरिएका सवारी साधन तोकेको स्थानमा पार्किङ गर्नुपर्नेछ ।

**१३. प्रतिवेदन पेश गर्नुपर्ने**: यस ऐनबमोजीम समितिले गरेका कार्यको प्रतिवेदन अर्धवार्षिक रूपमा कार्यपालिकाको बैठकमा प्रमुख मार्फत पेश गर्नुपर्ने छ ।

**१४. बाधा अड्काउ फुकाउ** : यस ऐनको कार्यन्वयनमा कुनै बाधा अड्चन परेमा त्यस्तो बाधा अड्चन नगरसभाले फुकाउनेछ ।

**१५. नियमावली बनाउन सक्ने** : यस ऐनको कार्यान्वयन गर्न उपमहानगरपालिकाले नियमावली बनाउन सक्नेछ ।

**१६. कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्ने** : यस ऐन तथा सोअर्न्तगत बनेको नियमावली कार्यान्वयन गर्न उपमहानगरपालिकाले विभिन्न विषयसम्बद्ध कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**१७. विविध:-** यस ऐनमा भएको व्यवस्था यसै ऐनबमोजीम हुनेछ र यस ऐनमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजीम हुनेछ ।

मितिः २०८०।१०।२४

आज्ञाले,

रामचरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका